# नागरीक समाजद्धारा तयार पारीएको अपाङ्गता समावेशी विपद् जोखिम न्यूनिकरण निर्देशिका

वि.सं. २०७७

# बिषय सूची

**बिषय सूची** ........ १

**प्राक्कथन** ........ ३

**सारसंक्षेप** ........ ४

**परिच्छेद १** ........ ६

*१.१ परिचय तथा पृष्ठभूमि* ........ ६

*१.२ प्रस्तावित निर्देशिकाको लक्ष्य* ........ ६

*१.३ प्रस्तावित निर्देशिकाको प्रमुख उद्देश्यहरु* ........ ६

*१.४ प्रस्तावित निर्देशिकाको निर्माण विधि, आवश्यकता र महत्व* ........ ७

*१.५ प्रस्तावित निर्देशिकाको लक्ष्यित समूह* ........ ८

*१.६ प्रस्तावित निर्देशिकासंग सम्बन्धित सरोकारवाला निकायहरु* ........ ८

*१.७ प्रस्तावित निर्देशिकाको कार्यान्वयन* ........ ९

*१.८ प्रस्तावित निर्देशिकाबाट अपेक्षित प्रतिफलहरु* ........ ९

*१.९ प्रस्तावित निर्देशिकाका सीमा* ........ ९

**परिच्छेद २** ........ १०

*२.१ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरु* ........ १०

*२.२ अपाङ्गता भएका व्यक्तिको अधिकार तथा विपद् जोखिम न्यूनिकरण सम्बन्धी राष्ट्रिय नीतिगत कानूनी व्यवस्थाहरु* ........ १०

**परिच्छेद ३** ........ १२

*३.१ अपाङ्गता सम्बन्धी परिभाषा तथा वर्गीकरण* ........ १२

**परिच्छेद ४** ........ १८

**परिच्छेद ५** ........ २०

*५.१ अपाङ्गता भएका व्यक्तिहरुको खोजी, उद्धार तथा स्थानान्तरण* ........ २२

*५.२ अपाङ्गता भएका व्यक्तिहरुको खोजी, उद्धार तथा स्थानान्तरण विधि* ........ २२

*५.३ अपाङ्गता भएका व्यक्तिहरुलाई खोजी, उद्धार तथा स्थानान्तरण गर्दा ध्यान दिनु पर्ने कुराहरु* .. २२

**परिच्छेद ६** ........................................................................ २४

*६.१ विपद् पुनर्लाभमा अपाङ्गता मैत्री बसोबास* ................................ २४

*६.२ अपाङ्गता भएका व्यक्तिहरुलाई आश्रय अर्थात बसोबासको सहज उपयोग तथा उपभोग गर्नका लागि देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्दछ* ................................ २४

*६.३ विपद्को बेलामा विपत्तीमा परी घाईते वा विस्थापित भएका अपाङ्गता भएका व्यक्तिहरुलाई निम्नानुसार आश्रय अर्थात बसोबासको व्यवस्था मिलाउनु पर्दछ :* ................................ २४

**परिच्छेद ७** ........................................................................ २६

*७.१ अनुगमन र मूल्याङ्कन* ................................ २६

*७.२ पुनरावलोकन तथा संशोधन* ................................ २६

*७.३ आवधिकरण* ................................ २६

**सन्दर्भ सामग्रीहरु** ................................ २७

# प्राक्कथन

अपाङ्गता भएका व्यक्तिहरु सामान्य अवस्थामै पनि अन्य व्यक्तिका तुलनामा बढि जोखिममा हुन्छन् । झन् विपद्को समयमा त उनीहरु अतिरिक्त जोखिममा पर्न सक्छन् । सामान्यतया उनीहरु पहिलो प्रभावित व्यक्ति हुन जान्छन् ।  जापानमा सन् २०११ मा आएको सुनामीको कारण, अपाङ्गता भएका व्यक्तिहरुको मृत्युदर अन्य व्यक्तिको तुलनामा दोब्बर रहेको थियो । यसले पनि के देखाउँछ भने जापान जस्तो विकसित देशमा समेत अपाङ्गता भएका व्यक्तिहरु विपद्को समयमा बढि प्रभावित हुन्छन् । विपद् व्यवस्थापनको चारै चरणहरु (अल्पिकरण, पूर्वतयारी, प्रतिकार्य र पुनस्थापना) मा अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष प्रकारले सम्बोधन गर्न नसक्दा अन्य व्यक्तिको तुलनामा उनीहरु बढि जोखिममा रहने अवस्था सृजना हुन सक्छ । यहि तथ्यलाई मनन गर्दै अपाङ्गता भएका व्यक्तिहरुलाई परिलक्षित गरी यो निर्देशिका तयार पारिएको छ। विपद् व्यवस्थापनको सबै चरणहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्वक एवं सहजताका साथ जीवन यापन गर्न तथा उनीहरुको मानव अधिकार, शिक्षा, सीप विकास, रोजगारी, स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा लगायत हरेक पक्षलाई ध्यानमा राखी यो निर्देशिका तयार पारिएको छ । तसर्थ प्रस्तुत निर्देशिकामा उल्लेख भएअनुसार अपाङ्गता भएका व्यक्तिहरुको निजी जोखिम, संवेदनशिलता तथा आवश्यकता पहिचान गरी उनीहरुलाई आई पर्नसक्ने आपद् विपद्को जोखिमबाट सुरक्षित तुल्याउन सकिएमा अपाङ्गता भएका व्यक्तिहरुले स्वावलम्बि, स्वाभिमानी, सम्मानपूर्ण तथा सुखी जीवन व्यतित गर्न सक्ने अपेक्षा गरिएको छ ।

# सारसंक्षेप

१. नेपालको संविधान २०७२, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४, आवासको अधिकार सम्बन्धी ऐन २०७५, सामाजिक सुरक्षा ऐन २०७५, अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३, अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९, सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासिय पुनर्स्थापना सेवा सञ्चालन विधि २०७२ लगायतका अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी राष्ट्रिय ऐन, नियम, कानुनहरु र मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि २००६, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धिको इच्छ्याधिन आलेख २००६, अन्तर्राष्ट्रिय सिबिआर निर्देशिका २०1० लगायतका अन्तर्राष्ट्रिय कानूनी प्रावधान रहेका छन् । जस अनुसार अपाङ्गता भएका व्यक्तिहरु खास गरी अपाङ्गता भएका बालबालिका, जेष्ठ नागरिक र महिलाहरु जो थप जोखिममा छन् उनीहरुको हक हित तथा पुनर्स्थापना र उनीहरुलाई विपद्को जोखिमबाट बचाउनका लागि सरकार तथा अन्य सरोकारवाला निकायहरुसंग मिलेर योजनाबद्ध ढंगले काम गर्न यो निर्देशिका तयार पारिएको छ ।

२. अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको संरक्षण गर्नु राज्य एवं प्रत्येक व्यक्तिको दायित्व हो । बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरुमा अपाङ्गताको आधारमा कुनै पनि व्यक्ति विरूद्ध कुनै पनि किसिमको भेदभाव गर्न नपाईने, उनीहरुको जन्मसिद्ध नैसर्गिक हक, अधिकार, मर्यादा तथा वैयक्तिक स्वतन्त्रताको सम्मान गर्नुपर्ने, समाजमा उनिहरुको पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण हुनुपर्ने, मानवीय विविधताका साथसाथै मानवीयताको अङ्गको रूपमा अपाङ्गता भएका व्यक्तिको भिन्नता स्वीकार्य हुनुपर्ने, अवसरहरूमा समानता, सेवा साधनमा पहुँच, लैङ्गिक समानता लगायत अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान गर्नुपर्ने स्पष्ट उल्लेख छ ।

३. अपाङ्गता भएका व्यक्तिहरुलाई विपद्को जोखिमबाट बचाउन स्थानीय सरकारसंग समन्वय एवं सहकार्य गरेर प्राकृतिक, मानवीय, भौतिक, सामाजिक र वित्तीय सम्पत्तिलाई आधार मानेर अपाङ्गता मैत्री सहभागितामूलक सङ्कटाभिमुखता तथा क्षमता विश्लेषण कार्य लगायतका औजारहरूको प्रयोग गरी लक्षित समुदायमा उपलब्ध क्षमताको विश्लेषण गर्नुपर्दछ । विशेष गरी अपाङ्गता भएका व्यक्तिहरुको सहभागितामा संकट वा जोखिम रोकथाम वा कम गर्ने रणनीति र उपयुक्त कार्य योजना बनाउनुपर्दछ । यसै सन्दर्भमा पूर्व चेतावनी दिने मोबाइल एप्लिकेसन लगायतलाई पहुँचयुक्त प्रविधिको आधारमा सबै अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रयोग योग्य तुल्याउने गर्नु पर्दछ ।

४. अपाङ्गता भएका व्यक्तिहरु त्यसमा पनि महिला, युवती, बाल, बालिका र ज्येष्ठ नागरिकहरु विपद्को हरेक चरण (अल्पिकरण, पूर्व तयारी, प्रतिकार्य तथा पुन:र्लाभ) मा अरुभन्दा बढी जोखिममा पर्ने त्यस्ता व्यक्तिहरुलाई केन्द्र विन्दूमा राखि विपद् पूर्वतयारी कार्य गर्नुपर्ने हुन्छ ।

५. अपाङ्गता भएका व्यक्तिहरूको लागि समान अवसर उपलव्ध गराउन संघिय, प्रादेशिक, स्थानीय र अन्तर्राष्ट्रिय तहमा नीति, योजना, कार्यक्रम तथा क्रियाकलापहरूको प्रवर्द्धन तथा तर्जुमा गर्न आवश्यक छ । प्रत्येक मुलुक, खासगरी विकासोन्मुख मुलुकहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्थामा सुधार गर्न र अपाङ्गता सम्बन्धी विषयलाई दिगो विकासका सम्बद्ध लक्ष्यहरुको अभिन्न अङ्गको रूपमा मूल प्रवाहिकरण गर्नका लागि अन्तर्राष्ट्रिय सहयोग तथा सहकार्यको महत्वलाई ध्यानमा राखेर यो निर्देशिका तयार पारिएको छ ।

६. यो निर्देशिकाको उद्देश्य, महत्व, निर्माण विधि, आवश्यकता, लक्षित समूहहरू, सरोकारवाला निकायहरु, अपेक्षित प्रतिफल, कार्यान्वयन विधि, अपाङ्गता भएका व्यक्तिहरुका अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय नीतिगत तथा कानूनी व्यवस्था, नेपालमा भए गरेका अभ्यासहरु, अपाङ्गता भएका व्यक्तिहरुलाई विपद् पूर्वको अवस्थामा, विपद्रत अवस्थामा र विपद् पश्चातको अवस्थामा कसरी सुरक्षित तुल्याउने भन्ने सम्बन्धी कार्य योजना तथा प्रकृया लगायतका विषयहरु देहायका परिच्छेदहरुमा उल्लेख गरिएको छ ।

# परिच्छेद १
# परिचय तथा पृष्ठभूमि

### *१.१ परिचय तथा पृष्ठभूमि*

- विभिन्न कानूनी प्रावधानहरुको बाबजूद महिला, बालिका, बौद्धिक तथा मानसिक अपाङ्गता भएका, अटिज्म लगायतको अपाङ्गता भएका व्यक्तिहरु, दलित, मधेशी, मुश्लिम समुदायका व्यक्तिहरुका साथै ग्रामिण क्षेत्रका सीमान्तकृत, जनजाति, अल्पसंख्यक वर्ग तथा आदिवासी समुदायकाले अझै पनि जात, जाति, लगायतका विविध प्रकारका अन्तर वर्गीय एवं अन्तरजातिय विभेदहरुको सामना गर्नुपरेको छ ।
- अपाङ्गता भएका महिला तथा बालिकाहरु विरुद्ध अक्सर घरभित्र र बाहिर दुवै स्थानमा हुने यौनजन्य हिंसा, चोट वा दुर्व्यवहार, शोषण, तिरस्कार, गलत व्यवहार, परित्याग आदि जस्ता हिंसाका कारण उनीहरु उच्च जोखिममा रहेको अवस्था छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य, रोजगारी, शिक्षा र सामाजिक सेवाका क्षेत्रहरूमा न्यून पहुँच हुनुका साथै विपद् पूर्वको अवस्थामा, विपद्रत अवस्थामा र विपद् पश्चातको अवस्थामा उनीहरुलाई सुरक्षित तुल्याउने सम्बन्धी सेवा र कार्यक्रमहरू अपर्याप्त र अनुपयुक्त भएको अवस्था छ । पूर्व चेतावनी दिने मोबाइल एप्लिकेसन लगायतलाई पहुँचयुक्त प्रविधिको आधारमा अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रयोग योग्य तुल्याउन सकिएको छैन ।

### *१.२ प्रस्तावित निर्देशिकाको लक्ष्य*

राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानून, मूल्य एवं मान्यता अनुरुप अपाङ्गता भएका व्यक्तिहरुलाई विपद् पूर्वको अवस्थामा, विपद्रत अवस्थामा र विपद् पश्चातको अवस्थामा सुरक्षित तुल्याउन सरोकारवालाहरुको क्षमता अभिवृद्धी गराउनु यस निर्देशिकाको दूरगामी लक्ष्य रहेको छ ।

### *१.३ प्रस्तावित निर्देशिकाको प्रमुख उद्देश्यहरु*

- अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई विपद्पूर्वको अवस्थामा, विपद्रत अवस्थामा र विपद् पश्चातको अवस्थामा सुरक्षित तुल्याउने उपाय अवलम्बन गराउनु;
- अपाङ्गता भएका व्यक्तिहरुको विपद्मा सुरक्षित रहने नैसर्गिक हक अधिकारको उपभोग गराउनुका साथै उनिहरुलाई सो सम्बन्धी जानकारी उपलव्ध गराउनु;
- विपद्बाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरुको उपयुक्त एवं प्रभावकारी पुनर्स्थापना तथा व्यवस्थापनका लागि आवश्यक नीति, रणनीति, योजना तथा कार्यक्रमहरु तयार पार्न उपयुक्त अधिवाचन गर्नु गराउनु ।

*१.४ प्रस्तावित निर्देशिकाको निर्माण विधि, आवश्यकता र महत्व*

विविध प्रकृतिका अपाङ्गताको अवस्थाबाट गुज्रिरहेका व्यक्तिहरुको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन उपयुक्त एवं प्रभावकारी ढङ्गले गर्नका लागि एउटा निर्देशिका जरुरी हुने देखिएकोले यो निर्देशिका तयार पारिएको छ । यो निर्देशिका निम्न विधि अपनाइ तयार पारिएको छ :

- विभिन्न राष्ट्रिय एवं अन्तरराष्ट्रिय श्रोत र सन्दर्भ सामाग्रीहरूको अध्ययन, अनुसन्धान तथा विश्लेषण गरेर ।
- राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय अपांग महासंघ नेपालसंग पटक पटक परामर्श, बैठक, छलफल तथा अन्तरक्रिया गरी सुझाव संकलन गरेर ।
- अपाङ्गता समावेशी विपद् जोखिम न्यूनिकरण सम्बन्धी बिशिष्ट ज्ञान भएका विज्ञ तथा श्रोत व्यक्तिहरुबाट प्राप्त राय, सल्लाह, सुझाव समेत समावेश गरेर ।

प्रस्तावित चित्र नं १ निर्देशिकाको चक्र




माथि चित्र नं १ मा देखाइए बमोजिम सर्वप्रथम अपाङ्गता भएका व्यक्तिहरुलाई विपद् व्यवस्थापन चक्रको चारै चरणमा समावेश गर्न तथा उनीहरुको क्षमता अभिवृद्धि गर्ने सिलसिलामा आइपर्ने समस्या वा बाधा अड्चनहरु के के हुन् सो को तथ्य एवं सूचना संकलन गरिनु पर्नेछ । त्यसरी संकलित तथ्य एवं सूचनाबाट देखिएका समस्या वा बाधा अड्चनहरु हल गर्नका लागि सांगठनिक प्रतिबद्धता जाहेर गराउनु पर्दछ । त्यस्तो सांगठनिक प्रतिबद्धता स्वरुप प्रस्तुत निर्देशिका तयार

पारिएको छ । यो निर्देशिकाको प्रभावकारिता सम्बन्धमा बेलाबेलामा अनुगमन तथा मूल्यांकन गरिनेछ ।

### *१.५ प्रस्तावित निर्देशिकाको लक्षित समूह*

देहायमा उल्लेखित संस्था एवं व्यक्तिहरू यसको लक्षित समूहमा पर्दछन ।

- खास गरी यो निर्देशिका अपाङ्गता भएका व्यक्तिहरु तथा उनीहरुका सहयोगी परिलक्षित भएकोले उनीहरुलाई नै केन्द्रविन्दूमा राखिएको छ ।
- यसै गरी सम्बन्धित सरकारी कर्मचारी, स्वयंसेवकहरू र अन्य सरोकारवालाहरु पनि यस निर्देशिकाको लक्षित समूहमा पर्दछन् ।
- यो निर्देशिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा फाईदा पुग्ने जो कोहि पनि यसको लक्षित समूहमा पर्दछन् ।
- अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धित बिभिन्न संघ संस्था, अधिवाचनकर्ताहरु र समुदाय स्तरका अन्य संस्था तथा व्यक्तिहरु समेत यसको लक्षित समूहमा पर्दछन् ।

### *१.६ प्रस्तावित निर्देशिकासंग सम्बन्धित सरोकारवाला निकायहरु*

- गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, संघ, प्रदेश, जिल्ला र स्थानीय स्तरका सम्बन्धित सरकारी कार्यालयहरु ।
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान बिभाग, वारुण यन्त्र आदि ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरु ।
- सरकारी तथा निजी अस्पताल र स्वास्थ्य संस्थाहरु ।
- दूरसंचार सेवा प्रदायकहरु, सरकारी तथा गैरसरकारी संचार माध्यमहरु ।
- विश्वविद्यालय, अनुसन्धान प्रतिष्ठानहरु र स्कूल, कलेज लगायतका शैक्षिक संस्थाहरु ।
- अपाङ्गता समावेशी विपद् जोखिम न्यूनिकरणको क्षेत्रमा क्रियाशील विज्ञ, संचारकर्मी, अनुसन्धानकर्मी, विद्यार्थी तथा नागरिक समाज ।
- अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित क्रियाशील संघ संस्थाहरु, सेवा प्रदायक संघ संस्थाहरु र अपाङ्गता अधिकारकर्मी तथा अभियन्ता ।

अपाङ्गता भएका व्यक्तिहरुको हक हित, संरक्षण, पुनःर्स्थापना तथा व्यवस्थापनका लागि माथि उल्लेखित सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरुसंगको समन्वय तथा सहकार्यमा यस निर्देशिकालाई आवश्यकता अनुसार प्रयोग गरिनेछ ।

### *१.७ प्रस्तावित निर्देशिकाको कार्यान्वयन*

- यो निर्देशिका राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय कार्यसमितिबाट पारित भई स्वीकृत भएपछि प्रयोगमा आउनेछ ।
- यो निर्देशिका अपाङ्गता भएका व्यक्तिहरुको उपयुक्त एवं प्रभावकारी ढङ्गले अपाङ्गता समावेशी विपद् जोखिम न्यूनिकरणका मापदण्ड पुरा गर्नका लागि जो कोहिले उपयोग गर्नसक्नेछ ।
- यो निर्देशिका प्रयोग गर्न सम्बन्धित सरोकारवालाहरुलाई आवश्यकता अनुसार अभिमुखिकरण तालिम दिइनेछ ।

### *१.८ प्रस्तावित निर्देशिकाबाट अपेक्षित प्रतिफलहरु*

- यो निर्देशिकाको प्रयोगबाट विपद् पूर्वको अवस्थामा, विपद्रत अवस्थामा र विपद् पश्चातको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरुलाई सुरक्षित तुल्याउन सहयोग पुग्नेछ ।
- यो निर्देशिका सरल र सहज रुपमा बुझ्न सकिने बनाईएको छ । यसलाई स्थानीय तहमा समेत अवलम्बन गर्न सकिनेछ ।
- यो निर्देशिका प्रयोगकर्ताले अपाङ्गता भएका व्यक्तिहरुको उद्धार तथा राहत लगायतका कार्यमा उपयुक्त एवं प्रभावकारी ढंगले व्यवस्थापन गर्दै समावेशिता तथा लैङ्गिकताका सवालहरुलाई यथोचित ढङ्गले सम्बोधन गर्न आवश्यक छ भन्ने कुरा बोध गरी व्यवहारमा उतार्नेछन् ।

### *१.९ प्रस्तावित निर्देशिकाका सीमा*

यो निर्देशिका मुलुकको विभिन्न महत्वपूर्ण स्थानहरुमा गएर सरोकारवाला निकाय एवं व्यक्तिहरुसंग अन्तरक्रिया गरेर तयार पार्ने योजना थियो । त्यसो गर्न सकेको भए अझ प्रभावकारी र व्यवाहारिक पनि हुने थियो । तर कोरोना महामारीको उत्कर्षको बेलामा तयार पार्नु परेकोले स्थानीय स्तरमा गई लाभग्राहि तथा सरोकारवालाहरुसंग अन्तरक्रिया गर्न सम्भव भएन । तथापी केन्द्रीय तहका सरोकारवालाहरु विच छलफल गरेर यो प्रारम्भिक निर्देशिका बनाइएको छ । यसलाई बेलाबेलामा अद्यावधिक गरिने भएको हुँदा त्यो कमि भविष्यमा पूर्ति हुनेनै छ ।

# परिच्छेद २

## अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

*२.१ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरुको पृष्ठभूमि*

ऐतिहासिक पृष्ठभूमि हेर्दा प्रथम र द्वितिय विश्व युद्धका कारण विश्वभरि नै अपाङ्गता भएका व्यक्तिहरूको संख्या बढ्न गएकाले उनीहरुको हक हितका लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ सस्थाहरू खुल्न थाले । सन् १९६० देखि अपाङ्गता भएका व्यक्तिहरूको सांगठनिक विस्तारले संसार भरिका देशहरू र संयुक्त राष्ट्र संघमा समेत दवाव परेकोले अपाङ्गता सम्बन्धी विभिन्न घोषणापत्र  तथा अन्य दस्तावेजहरु संयुक्त राष्ट्र संघबाट पारित भए । ती मध्ये प्रमुख दस्तावेजहरु यस प्रकार छन्:

क) मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८
ख) बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी घोषणा, सन् १९७१
ग) अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी घोषणा, सन्  १९७६
घ) अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष, सन् १९८१
ङ) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, सन् २००६
च) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेख, सन् २००६
छ) समुदायमा आधारित अन्तर्राष्ट्रिय पुनःर्स्थापना निर्देशिका, सन् २०१०
ज) दिगो विकासका लक्ष्यहरु (सन् २०१५-२०३०)

*२.२ अपाङ्गता भएका व्यक्तिको अधिकार तथा विपद् जोखिम न्यूनिकरण सम्बन्धी राष्ट्रिय नीतिगत व्यवस्थाहरुको पृष्ठभूमि*

वि.सं. १९९० देखि नै नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सम्बन्धमा नीतिगत तथा कानूनी व्यवस्थाको शुरुवात भएको देखिन्छ । वि.सं २०२१ मा ल्यावोरेटरी मा. वि. मा दृष्टिविहिनहरुको लागि ब्रेल माध्यमबाट पठनपाठन र वि सं २०२३ मा वीर अस्पतालबाट वहिराहरुको लागि सांकेतिक भाषामा पठन पाठन हुन थालेको देखिन्छ । वि.सं. २०२६ मा नेपाल अपाङ्ग संघको स्थापना भयो । सन् १९७७ मा समाज कल्याण परिषदको स्थापनासंगै अपाङ्गता भएका व्यक्तिहरुको हक हितमा थप कार्यहरु भएको पाईन्छ । त्यस पछि काठमाण्डौं वहिरा संघ (वि.सं. २०३६), नेपाल अन्धा कल्याण संघ (वि.सं. २०३८), सुस्त मनस्थिति कल्याण संघ (वि.सं.  २०३८), नेपाल राष्ट्रिय अपाङ्ग संघ (वि.सं. २०४७), नेपाल नेत्रहिन संघ ( वि.सं. २०४८) जस्ता संघ संस्थाहरुको स्थापना भयो । अपाङ्गता भएका व्यक्तिहरु संलग्न संस्थाहरुको पहलकदमिमा  अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षामा विशेष प्राथमिकता प्राप्त व्यक्तिहरुमा गणना गर्न थालियो । समाज कल्याण ऐन वि.सं. २०४९ वमोजिम समाज कल्याण परिषद्को स्थापना भयो । वि.सं. २०५० मा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण एवं प्रवर्द्धनका लागि राष्ट्रिय अपाङ्ग महासंघ (राअमसं) को स्थापना भयो । यस प्रकार अपाङ्गता भएका व्यक्तिहरूको सांगठनिक विस्तारले समाज तथा सरकारमा दवाव परेकोले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार र संरक्षणका लागि संविधान लगायत विभिन्न

ऐन, नियम तथा कानुनहरु बनेका छन् । त्यस्ता दस्तावेजहरु मध्ये प्रमुख कानुनी दस्तावेजहरु यस प्रकार छन् :

क) नेपालको अन्तरिम शासन विधान, वि.सं. २००७
ख) विशेष शिक्षा ऐन, वि.सं. २०३०
ग) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, वि.सं. २०३९
घ) नेपालको संविधान, वि.सं. २०७२
ङ) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, वि.सं २०७४
च) सामाजिक सुरक्षा ऐन, वि.सं २०७५
छ) जन स्वास्थ्य सेवा ऐन, वि.सं २०७५
ज) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, वि.सं २०७५
झ) राष्ट्रिय स्वास्थ्य नीति, सन् २०१४
ञ) अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्य योजना, सन् २००६ - २०१६ स्वास्थ्य खण्ड
ट) अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, वि.सं २०६९
ठ) सार्वजनिक एवं सेवा प्रदायक संस्था विचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासिय पुन:स्र्थापना सेवा सञ्चालन विधि, वि.सं २०७२
ड) अपाङ्गता समावेशी स्वास्थ्य सेवा राष्ट्रिय निर्देशिका,सन् २०१९
ण) अपाङ्गता रोकथाम तथा पुन:स्र्थापना १० वर्षे राष्ट्रिय रणनीति तथा कार्य योजना, वि.सं २०७३-२०८२
त) विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्य योजना, सन् २०१८-२०३०
थ) विपद् जोखिम न्यूनिकरण राष्ट्रिय नीति, वि.सं २०७५

# परिच्छेद ३
# पुन:स्र्थापना सेवा

*३.१ अपाङ्गता सम्बन्धी परिभाषा तथा वर्गीकरण*

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, वि.सं २०७४ को दफा २ (ख) मा अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालिन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधका कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति भनिएको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघिय महासन्धि सन् २००६ को धारा १ ले "अपाङ्गता भएको व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दिर्घकालिन अशक्तताद्वारा श्रृजित विभिन्न अवरोधहरुसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागि हुन बाधा भएको व्यक्ति सम्झनुपर्छ" भनी परिभाषित गरेको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, वि.सं २०७४ को दफा ३ को उपदफा (१) अनुसार अपाङ्गतालाई देहाय बमोजिम १० प्रकारमा बर्गीकरण गरिएको छ :

१. शारीरिक अपाङ्गता: बाल पक्षाघात (पोलियो), शारीरिक अङ्गविहिन, कुष्ठ प्रभाव, स्नायु, मांसपेशी विचलन, जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, पैताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर अनुसार हुनुपर्ने औसत उचाईभन्दा ज्यादै कम उचाई भएको व्यक्ति तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या भएको अवस्थालाई शारीरिक  अपाङ्गता भनिन्छ ।

२. दृष्टि सम्बन्धी अपाङ्गता: कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने अवस्थालाई दृष्टि सम्बन्धी अपाङ्गता भनिन्छ ।

(क) दृष्टिविहिनता: औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औँला दश फिटको दूरिबाट गन्न नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३ र ६० मा) पढ्न नसक्नु दृष्टिविहिनताको अवस्था  मानिन्छ ।

(ख) न्यून दृष्टियुक्त: औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बिस फिटको दूरिबाट हातको औंला गन्न नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६ र १८) मा पढ्न नसक्ने अवस्था ।

(ग) पूर्ण दृष्टिविहिन : पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने अवस्था ।

३. सुनाई सम्बन्धी अपाङ्गता: सुनाईका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतार चढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने अवस्था ।

(क) बहिरा: असि डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने अवस्था भएको व्यक्ति ।

(ख) सुस्तश्रवण: सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैंसठ्ठी देखि असि डेसिबलसम्मको ध्वनि सुन्न सक्ने अवस्था भएको व्यक्ति ।

४. श्रवण दृष्टिविहिन अपाङ्गता: सुनाइ सम्बन्धी र दृष्टि सम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको अवस्था ।

५. स्वर र बोलाई सम्बन्धी अपाङ्गता: स्वर र बोलाई सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोलि स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति ।

६. मानसिक वा मनोसामाजिक अपाङ्गता: मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखिकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

७. बौद्धिक अपाङ्गता: उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकि बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

८. अणुवंशिय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता: अणुवंशिय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

९. अटिज्म सम्बन्धी अपाङ्गता: जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तो: सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउने, अस्वभाविक प्रतिक्रिया देखाउने, एउटै क्रिया लगातार दोहोऱ्याई रहने, अरूसँग घुलमिल नहुने वा तीब्र प्रतिक्रिया जनाउने अवस्था भएको व्यक्ति ।

१०. बहुअपाङ्गता: एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढि प्रकारका अपाङ्गताको अवस्था भएको व्यक्ति जस्तै: मस्तिष्क पक्षाघात ।

अपङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गताको गम्भिरताको आधारमा देहाय बमोजिमका ४ प्रकारको परिचयपत्र दिने व्यवस्थो छ ।

क. रातो परिचयपत्र

पूर्ण अशक्त अपाङ्गता: निरन्तर अरुको सहयोग लिंदा पनि दैनिक क्रियाकलाप आफै सम्पादन गर्न नसक्ने अवस्थाको व्यक्ति ।

ख. नीलो परिचयपत्र

अति अशक्त अपाङ्गता: वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रुपमा अरुको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति ।

ग. पहेलो परिचयपत्र

मध्यम अपाङ्गता: भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम पाएमा अरुको सहयोग लिई वा नलिई नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागि हुन सक्ने अवस्थाको व्यक्ति ।

घ. सेतो परिचयपत्र

सामान्य अपाङ्गता: सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागि हुन सक्ने अवस्थाको व्यक्ति ।

३.२. पुन:स्र्थापना

अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी ऐन, वि.सं.२०७४ को परिभाषा अनुसार "पुन:स्र्थापना" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने चिकित्सकीय सेवा, जीवनोपयोगी सीपमूलक तथा व्यावसायिक तालिम, सहायक सामाग्री, औषधि/उपचार, नियमित परामर्श सेवा, शैक्षिक तथा आर्थिक कार्यक्रम सम्झनु पर्छ । सो शब्दले अपाङ्गता भएका व्यक्तिलाई बसोबासका लागि सञ्चालन गरिने आवास कार्यक्रमलाई समेत जनाउँदछ । त्यसै गरी उपदफा (२) मा अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त आवासको व्यवस्था गर्न तथा सशक्तिकरण गरी समाजमा पुन:स्र्थापना गर्ने प्रयोजनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुन:स्र्थापना केन्द्र स्थापना गर्न सक्ने उल्लेख छ । सोहि ऐनको दफा २६ मा पुन:स्र्थापना सम्बन्धी अधिकारमा शारीरिक, मानसिक, सामाजिक सवै प्रकारका क्षमता विकासको लागि प्रभावकारी पुन:स्र्थापना सेवाहरु उपलब्ध गराउनु पर्ने प्रावधान राखिएको छ भने परिच्छेद ७ को दफा २९ मा अपाङ्गता भएका व्यक्तिलाई पुन:स्र्थापना गर्ने सम्बन्धी व्यवस्था छ । सोहि दफाको उपदफा (१) मा नेपाल सरकारले पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुन:स्र्थापना गर्ने व्यवस्था गरिएको छ । त्यसैगरि धारा ३० मा पुन:स्र्थापना कोष सम्बन्धी व्यवस्थामा पुन:स्र्थापना केन्द्र सञ्चालन गर्नका लागि नेपाल सरकारले पुन:स्र्थापना कोषको स्थापना गर्ने व्यवस्था छ ।

## ३.३. अपाङ्गता भएका व्यक्तिहरुको पुन:स्थापना र मानव अधिकार

अपाङ्गता भएका व्यक्तिका आवश्यकता र पुन:स्थापनाको परिभाषामा उल्लेखित मापदण्डका आधारमा पुन:स्थापनालाई बहुआयमिक ढंगबाट व्याख्या गरिनुपर्छ । यसको अर्थ एउटा व्यक्तिलाई बृहत्तर रुपबाट बिकास र सशक्तिकरण गर्दै समाज र परिवारमा पुन:स्थापना गरिनु पर्छ भन्ने मान्यता हो । सोही अनुसार  सरकारद्वारा सञ्चालित पुन:स्थापना केन्द्रहरु, समुदायमा आधारित पुन:स्थापना सेवा केन्द्रहरु र अस्पतालहरुद्वारा सञ्चालित पुन:स्थापना सेवाहरुबाट सम्बन्धित व्यक्तिले माग गरे बमोजिम सेवा पाउनु पर्छ भन्ने सोच हो ।

पुन:स्थापनाका सेवाहरु प्रत्येक व्यक्ति पिच्छे आवश्यकता अनुसार फरक फरक  हुन सक्छन् भन्ने कुरालाई मध्यनजर गर्दै यहां अपाङ्गताको बर्गीकरणका आधारमा पुन:स्थापनाको आवश्यकतालाई चर्चा गर्न खोजिएको छ । अपाङ्गता भएका व्यक्तिलाई पुन:स्थापना गर्दा सर्वप्रथम त उ कुन प्रकारको अपाङ्गताको बर्गीकरणमा पर्दछ भन्ने कुराको पहिचान हुनु पर्छ । त्यसपछि उसलाई कहां र कसरी पुन:स्थापना गर्न सकिन्छ भन्ने कुरा उसँग र उसका परिवारका सदस्यहरु सँग प्रत्यक्ष सम्बाद र अन्तरक्रिया गरी व्यक्ति स्वंयको चाहना अनुसार अपाङ्गता बिज्ञ, मनोसामाजिक परामर्शदाता, बिशेषज्ञ डाक्टर वा प्राबिधिकबिज्ञहरुले अपाङ्गताको गाम्भिर्यताको मापनका आधारमा उसको पुन:स्थापना के कुरामा गर्नु पर्ने आवश्यकता छ भन्ने कुरा पत्ता लगाउनु पर्ने हुन्छ ।

## ३.४ नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको पुन:स्थापनाको ऐतिहासिक विकासक्रम र अभ्यासहरु

बिगतमा अपाङ्गता भएका व्यक्तिहरुलाई दया मायाका पात्रका रुपमा हेरिन्थ्यो । उनीहरुलाई खान लाउन दिए पुग्छ भन्ने मान्यता थियो । त्यसैगरि वि.सं.२०२० देखि वि.सं.२०४६ सम्मको अवधिमा सहायतामुखि र उपकारमुखि अबधारणामा आधारित भएर कार्यक्रमहरु सञ्चालन भए । त्यही समयमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन वि.सं.२०३९ आयो । यही अवधिमा नेपाल अनाथ अपाङ्ग संघ जोरपाटि, सुस्त मनस्थिति कल्याण संस्था, बहिरा बालबालिकाहरुको बिद्यालय नक्साल र नेपाल अन्धा कल्याण संघ जस्ता संस्थाहरुको स्थापना भई बहिरा, शारीरिक अपाङ्गता भएका, दृष्टिबिहीन र सुस्त:मनस्थितिका बालबालिकालाई केन्द्रीकृत शिक्षा दिने प्रचलन थालिएको थियो ।

सन् १९८६ मा अन्ध कल्याण संघ, सन् १९८८ मा नेपाल अपाङ्ग संघ (खगेन्द्र नवजीवन केन्द्र), सन् १९९१ मा सेभ द चिल्ड्रेन, यु.के.ले सिन्धुपाल्चोक र बाग्लुङ्गमा, सन् १९९२ मा रेड बार्ना, नर्वेको सहयोगमा बिराटनगरमा, सन् १९९५ मा पाटन र पाल्पामा र सन् १९९३ मा पोखरामा सिबिआर कार्यक्रम शुरु गरेका थिए । त्यसैगरि सन् १९९७ मा अपाङ्गता सम्बन्धी राष्ट्रिय श्रोत केन्द्रको रुपमा पुन:स्थापना र बिकासको लागि स्रोत केन्द्रको स्थापना भएको थियो भने सन् २००१ देखि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहयोगमा जिल्लामा सिबिआर कार्यक्रमहरुको शुरुवात भएको हो । हाल सम्म पनि यो कार्यक्रमले निरन्तरता पाउंदै आएको छ । स्थानीय तहका ७५३ वटा पालिकाहरुले अनिवार्य रुपमा स्थानीय अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संघ संस्थाहरुको समन्वय र साझेदारीमा व्यवहारिक रुपमा सिबिआर कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख भएको छ ।

वि.सं.२०५० सालमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको स्थापना भयो । वि.सं.२०५१ सालमा अपाङ्ग कल्याण नियमावली निर्माण भई कार्यान्वयनमा आयो । वि.सं.२०५६ पछि हालसम्म अधिकारमुखि अवधारणाको शुरुवात भई कार्यान्वयन हुँदै गरेको अवस्था छ । यस अवधारणा अनुसार अपाङ्गता भएका व्यक्तिहरुको विकासको मूलप्रवाहिकरणमा अर्थपूर्ण सहभागिता हुन अधिकारमुखी, अवरोधमुक्त, मानवीय र भौतिक वातावरण अपाङ्गता मैत्री भएको समाज हुनुपर्छ भन्ने मान्यता अगाडि सारेर अपाङ्गता भएका व्यक्तिहरु बिकासका हरेक प्रकृयाहरुमा  स्वयं क्रियाशील हुन थालेका छन् । अपाङ्गता भएका व्यक्तिहरुबाट अधिकारको माग दावी गर्न शुरुवात गरे पश्चात सोही अनुरुप सरोकारवाला निकायहरुमा सुनुवाई हुन थाल्यो । अहिले अपाङ्गता भएका व्यक्तिहरु सरकारी निकाय, योजना तथा नीति निर्माण तह र निर्णय  प्रकृयामा सहभागि हुन थालेका छन् ।

### ३.५ सिबिआर कार्यक्रम

सि.बि.आर. कार्यक्रमको मुख्य उद्देश्य अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरूको क्रियात्मक क्षमताको अधिकतम विकास गराई उनीहरूलाई आत्मनिर्भर बनाउँदै समान अवसर प्राप्तिका लागि उचित वातावरण तयार गर्नु हो । सि.बी.आर. कार्यक्रम कार्यान्वयन गर्न तोकिएका संस्थाहरूले क्रियात्मक क्षमताको अभिवृद्धिको लागि अभ्यास एवं तालिम दिने, घरमा अपांङ्गमैत्री संरचना बनाउन सहयोग गर्ने, सहायक सामाग्री उपलब्ध गराउन पहल गर्ने र साङ्केतिक भाषा, ब्रेल लिपि आदिको तालिमको लागि समन्वय गर्ने कार्यहरु गर्नुपर्दछ ।

अपाङ्गता भएका व्यक्तिहरुको क्रियात्मक क्षमता अभिवृद्धिका लागि सि.बि.आर. कार्यकर्ताहरूले आवश्यक शारीरिक अभ्यास, साँकेतिक भाषा, ब्रेल लिपीसम्बन्धी तालिम एवं दैनिक क्रियाकलापहरूको अभ्यास र तालिम गराउनु पर्ने कुरा निर्देशिकामा उल्लेख गरेको भएतापनि सि.बि.आर. कार्यक्रको लागि छुट्याईएको रकमले त्यति सबै काम पुरा गर्न गाह्रो छ । त्यसैले पनि क्रियात्मक क्षमता अभिवृद्धिका लागि अभ्यास एवं तालिम दिने कुरामा सि.बि.आर. कार्यक्रम कार्यान्वयन गर्न तोकिएका संस्थाहरूको भूमिका आर्थिक स्रोतको अभावमा सन्तोषजनक देखिंदैन तापनि सहायक सामाग्रीहरू उपलब्ध गराउन तथा साङ्केतिक भाषा, ब्रेल लिपि आदि सम्बन्धी तालिम लिन चाहने वा सोको अवश्यकता भएका व्यक्तिहरूलाई त्यस्तो तालिम उपलब्ध गराउने कुरामा भने सि.वि.आर. कार्यक्रम कार्यान्वयन गर्न तोकिएको संस्थाहरूको प्रयास उल्लेखनीय छ ।

### ३.६ नेपालमा पुनःर्स्थापना सेवा प्रक्रिया

अपाङ्गता भएका व्यक्तिहरुलाई पुनःर्स्थापना सेवा नेपालमा मुख्यतःया ३ वटा रणनीति अपनाएर गरिदै आएको छ । यसलाई शुरुवातमा समुदायमा आधारित पुनःर्स्थापना केन्द्रका रुपबाट गरिएको थियो । WHO को सिबिआर निर्देशिका सन् २०१० अनुसार अस्पतालमा आधारित, पुनःर्स्थापना केन्द्रमा आधारित र समुदायमा आधारित भएर गर्न सकिन्छ ।

हाल अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन वि.सं.२०७४ र यसको नियमावली वि.सं.२०७७ अनुसार नेपालमा मुख्यतःया व्यवहारीक रुपमा निम्न लिखित ६ प्रकारका बिधिहरु मार्फत अपाङ्गता

भएका व्यक्तिहरुलाई पुनःस्थापना सेवा प्रदान गर्ने गरिएको छ । तर व्यवहारमा भने हालसम्म शारीरिक व्यायाम, औषधी उपचार, सहायक सामाग्री र परामर्शलाई मात्र प्रयोगमा ल्याउदै आएको देखिन्छ ।

१. भौतिक चिकीत्सा

२. अकुपेसनल थेरापी

३. अपरेसन तथा औषधि उपचार

४. सहायक सामाग्रीहरुको प्रयोग

५. परामर्श तथा तालिम

६. मनोसामाजिक परामर्श

६ शैक्षिक तथा आर्थिक सशक्तिकरण कार्यक्रम

उपरोक्त सबै सेवाहरु एकै ठाउँमा उपलब्ध भएमा मात्र सेवाग्राही लाभान्वित हुनसक्छन् । तर नेपालमा यी सबै सेवाहरु एकै ठाउँबाट पाउने प्रणालिको अझै पनि बिकास भैसकेको छैन । त्यसैले यी सेवाहरु खोज्नका लागि अपाङ्गता भएका व्यक्तिहरु वा परिवारले धेरै नै दौडधुप गर्नुपर्ने हुन्छ । सरकारले पुनःस्थापना सम्बन्धी सार्वजनिक ऐन सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवाशीय पुनःस्थापना सेवा सञ्चालन विधि वि.सं.२०७२ ले निश्चित मापदण्ड तोकेतापनि सबै संघ संस्थाले त्यसको पालना गरेका छैनन । यसरी नेपालमा कानूनी र नीतिगत व्यवस्थाहरुले स्पष्ट व्यवस्था गरेतापनि अपाङ्गता भएका व्यक्तिहरुका आवश्यकतालाई मध्यनजर गरी पुनःस्थापना सेवा सम्बन्धी कार्यक्रमहरु पर्याप्त मात्रामा सञ्चालन भएका छैनन् ।

# परिच्छेद ४
## विपद्पूर्वको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरुको लागि गर्नुपर्ने कार्यहरु

अपाङ्गता भएका व्यक्तिहरु त्यसमा पनि महिला, युवती, बाल, बालिका र ज्येष्ठ नागरीकहरु अरु भन्दा बढि जोखिममा पर्ने र प्रभावित हुनेहुंदा विपद्को हरेक चरण (अल्पीकरण, पूर्व तयारी, प्रतिकार्य तथा पुनरुर्लाभ)मा त्यस्ता व्यक्तिहरुलाई केन्द्र विन्दूमा राखि विपद् पूर्वतयारी कार्य गर्नुपर्ने हुन्छ । विपद् जोखिम न्यूनीकरण भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनिकरणको मूलप्रवाहिकरणसँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

अपाङ्गता मैत्री तथा समावेशी विपद् पूर्वतयारीका लागि निम्न कार्यहरु गर्नुपर्ने हुन्छ :

४.१ विपद् व्यवस्थापन सम्बन्धी क्षेत्रमा कार्यान्वयनमा रहेका योजना, नीति, कार्यविधि, संस्थागत संरचनाका साथै विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, विपद् जोखिम व्यवस्थापन लगायतका लागि उपलब्ध साधन, स्रोत, उपकरण, मानव स्रोत आदिको विश्लेषण गरी स्थानीय सरकार खास गरी नगरपालिका र गाउँपालिकाहरूसंग समन्वय एवं सहकार्य गरेर प्राकृतिक, मानवीय, भौतिक, सामाजिक र वित्तीय सम्पत्तिलाई आधार मानेर अपाङ्गता मैत्री सहभागितामूलक सङ्कटाभिमुखता तथा क्षमता विश्लेषण कार्य लगायतका औजारहरूको प्रयोग गरी लक्षित समुदायमा उपलब्ध क्षमताको विश्लेषण गर्नुपर्दछ ।

४.२ अपाङ्गता भएका व्यक्तिहरुको सहभागितामा संकट वा जोखिम रोकथाम वा कम गर्ने रणनीति र उपयुक्त कार्य योजना बनाउनुपर्दछ ।

४.३ विपद् पूर्वतयारीका वारेमा अपाङ्गता भएका व्यक्तिहरुका साथै राजनैतिक नेता तथा नागरिक समाजका सदस्यलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्दछ ।

४.४ विपद् पूर्व-तयारी कार्य प्रभावकारी बनाउन सामुदायिक सङ्गठनहरू तथा सम्बन्धित स्थानीय निकायहरूका विचमा समन्वय कायम गर्नुपर्दछ ।

४.५ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी नीति, ऐन, नियम तथा कानूनहरु बनाउँदा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व हुनेगरी समावेशी, अपाङ्गता मैत्री, तथा सहभागितामूलक भएको सुनिश्चित गर्नुपर्दछ ।

४.६ जनचेतनाको माध्यमबाट जोखिमका सम्भावना प्रति ध्यानाकर्षण गर्दै आवश्यक उपायहरु अवलम्बन गर्नका लागि समुदायको सशक्तिकरण गर्नुपर्दछ ।

४.७ जोखिमको न्यूनिकरणका लागि आवश्यक ज्ञान, सीप तथा परम्परागत विधिहरूको प्रवर्द्धन गर्न सरोकारवाला निकायहरुसंग सहकार्य गर्नुपर्दछ ।

४.८ प्रकोपका कारक तत्वहरूलाई लक्षित गर्दै सामुदायिक र संस्थागत क्षमताको विकास गरी दिगोपन कायम गर्नुपर्दछ ।

४.९ विपद् पूर्वतयारी सम्बन्धी योजना तर्जुमा तथा कार्यदल आदिमा अपाङ्गता भएका व्यक्तिहरुलाई पनि अनिवार्य रुपमा संलग्न गराउन सम्बन्धित निकायमा पहल गर्नुपर्दछ ।
४.१० सरोकारवाला निकायहरुसंगको समन्वय तथा सहकार्यमा अपाङ्गता मैत्री भविष्यवाणी, अनुगमन र पूर्व चेतावनी प्रणालिको व्यवस्था मिलाउनुपर्दछ ।
४.११ अपाङ्गता समावेशी विपद् व्यवस्थापनको वर्तमान अवस्थाको बारेमा अध्ययन, अनुगमन र मुल्यांकन गर्ने उपकरणहरूको निर्माण र उपयोग गर्न सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु पर्दछ । साथै स्वयंसेवकहरुलाई अपाङ्गता समावेशी उद्धार एवं प्रतिकार्यको प्रशिक्षण र अभ्यास गराउनु पर्दछ ।
४.१२ विपद् जोखिमको अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तीहरुको पहिचान, मूल्याङ्कन तथा अनुगमन गर्ने तथा पूर्व चेतावनी प्रणालि लाई पहुँचयुक्त तुल्याउनु पर्दछ ।

## परिच्छेद ५
## विपद् प्रतिकार्यको चरणमा गर्नुपर्ने कार्यहरु

खोजी, उद्धार तथा राहतको बेलामा अन्य व्यक्तिलाई भन्दा अपाङ्गता भएका व्यक्तिहरुलाई बिशेष ध्यान पुऱ्याउनु पर्दछ किनकि उनीहरु सामान्य मानिस भन्दा बढि जोखिममा परेका हुन्छन । अपाङ्गतामैत्री संरचनाको कमि, वर्गिय, जातिय, लैङ्गिक विभेद, सामाजिक तथा आर्थिक हैसियत र केहि व्यक्तिहरुको मनोभावका कारण अपाङ्गता भएका व्यक्तिहरुले विपद्को बेलामा बिभिन्न समस्याहरु झेल्नु परेको हुनसक्छ । त्यस्तै उनीहरु समक्ष विपद् सम्बन्धी सूचना तथा जानकारी पर्याप्त मात्रामा पुग्न नसकेको हुनसक्छ । विपद् प्रतिकार्यको प्रथम चरणमा गर्नुपर्ने कार्यहरु यस प्रकार छन् :

(क) विपद्को घटनाको पहिलो दिनमा अपाङ्गता भएका व्यक्तिहरुको अवस्थालाई ख्याल गरी विपद् सम्बन्धी खण्डिकृत सूचना तत्काल प्राप्त गर्ने, विश्लेषण गर्ने र उपयुक्त माध्यमहरूबाट प्रवाह गर्ने, क्षतिको लेखाजोखाका लागि तयारी, नियमन, जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने, समन्वय र मानविय सहायता (राहत) सामाग्रीको पूर्व व्यवस्था तथा बन्दोबस्ती मिलाउने जस्ता क्रियाकलापहरू गर्नुपर्दछ ।

(ख) विपद्को घटनाको जानकारी प्राप्त हुनासाथ सरोकारवाला निकायले यथासक्य चाँडो आपत्कालिन वैठकको आव्हान गर्नुपर्दछ ।

(ग) आपत्कालिन वैठकमा छलफल गर्दा अपाङ्गता भएका व्यक्तिको बारेमा समेत महत्व दिई विपद् प्रतिकार्यमा संलग्न निकायहरुका सम्पर्क व्यक्तिहरुलाई विपद्को घटनासम्बन्धी बिस्तृत र भरपर्दो सूचना उपलव्ध गराउन अनुरोध गर्नुपर्दछ ।

(घ) तत्कालिन मानवीय सेवा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरु खास गरी पूर्ण वा अति अशक्त अवस्थाको अपाङ्गता भएका व्यक्तिहरु, बौद्धिक अपाङ्गता, अटिजम अपाङ्गता, श्रवणदृष्टिविहिन अपाङ्गता, मनोसामाजिक अपाङ्गता, अपाङ्गता भएका बालबालिका, अल्जाइमर भएका ज्येष्ठ नागरिक, अपाङ्गता भएका महिलाहरु र गर्भवती महिलाहरुको खोज तथा उद्धार, खानेपानी, स्वास्थ्योपचार, सरसफाइ, आवास जस्ता तत्कालीन प्राथमिक सेवाहरू उपलव्ध गराउन, उनीहरुको नाम दर्ता, अपाङ्गता अनुसारको आबश्यक सहायक सामाग्री, खाद्यान्न, गैरखाद्य सामाग्री, औषधि आपूर्ति गरी उनीहरुलाई पहुंचयुक्त सुरक्षित खुला स्थानको व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गर्नुपर्दछ ।

(ङ) उद्धार तथा राहत टोलीलाई घटनास्थलमा पठाउनु अघि विपद्को घटनाको पृष्ठभूमि, अपाङ्गता भएका व्यक्तिको मानवीय तथा भौतिक क्षतिको मात्रा, घटनास्थलको भौगोलिक, पहुँचयुक्त संरचनागत तथा मौसमी अवस्था, त्यहाँको शान्ति सुरक्षाको स्थिति आदिको बिषयमा जानकारी सम्बन्धित निकायबाट प्राप्त गरेर सो दिएरमात्र उद्धार तथा राहत टोलीलाई घटनास्थलमा पठाउनुपर्दछ ।

(च) उपलव्ध जनशक्ति र साधन श्रोतले भ्याएसम्म उद्धार तथा राहत टोलीलाई अपाङ्गता भएका व्यक्ति सम्बन्धी आवश्यक सूचना प्रदान गरी, उद्धार सामाग्री सहित तत्कालै आफ्नो कार्यक्षेत्रमा भएको घटनास्थलमा अपाङ्गता भएका व्यक्तिहरु खास गरी पूर्ण वा अति अशक्त अवस्थाका अपाङ्गता भएका व्यक्तिहरु, बौद्धिक अपाङ्गता, अटिजम अपाङ्गता, श्रवणदृष्टिविहिन अपाङ्गता, मनोसामाजीक अपाङ्गता, अपाङ्गता भएका बालबालिका, अल्जाइमर भएका ज्येष्ठ नागरीक र अपाङ्गता भएका महिलाहरुको सुरक्षा, उद्धार तथा राहतका लागि खटाउनुपर्दछ ।

(छ) खोजी, उद्धार तथा राहत टोलीले खोजी, उद्धार तथा राहतका लागि सुरक्षा निकायका कर्मचारी तथा रेडक्रसका स्वयंसेवकहरुसंग सम्पर्क तथा समन्वय गर्नुपर्दछ । उनीहरुकोलागि सिमुलेशन अभ्यास गराउनु पर्दछ ।

(ज) अत्यन्त जोखिमयुक्त घर वा संरचनामा रहे बसेका, सामूहिक आवास वा पुन:र्स्थापना केन्द्रमा बसेका अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकता दिई, खोजी, उद्धार तथा राहत टोलीले यथाशक्य चांडो अति आवश्यक आधारभूत सामान खासगरी मेरुडण्ड पक्षघात भएका अपाङ्गता भएका व्यक्तिहरुको लागि क्याथेडर, युरिनल व्याग, बेल्ट, मनोसामाजिक अपाङ्गता र हिमोफिलिया अपाङ्गता भएका व्यक्तिहरुका लागि प्रयोग गरिरहेका औषधीहरु सहित सुरक्षित आश्रय स्थल तर्फ पठाउनुपर्दछ ।

(झ) अपाङ्गता भएका व्यक्तिहरुलाई विपद्को अवस्था बारे जानकारी गराउन सञ्चार माध्यममा सांकेतिक भाषा तथा क्लोज क्यापसनिंगको व्यवस्था मिलाउनु पर्दछ ।

(ञ) खोजी, उद्धार तथा राहत टोलीले विस्थापित र विपद् प्रभावित अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकता दिई तत्काल आवश्यक पर्ने राहत सामाग्रीहरु उपलब्ध गराउनुपर्दछ ।

(ट) अपाङ्गता भएका व्यक्तिहरु स्वास्थ्यका दृष्टिकोणले बढि जोखिम समूहमा पर्ने भएकोले विस्थापित र विपद् प्रभावित अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमकिता दिई स्वच्छ पिउने पानी तथा स्वस्थ्यकर खाना उपलब्ध गराउन सजग हुनुपर्दछ ।

(ठ) मेरुडण्ड पक्षघात भएका अपाङ्गता भएका व्यक्तिहरुको लागि क्याथेडर, युरिनल व्याग, बेल्ट, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका लागि प्रयोग गरिरहेका औषधीहरु र हिमोफिलिया अपाङ्गता भएका व्यक्तिहरुलाई प्लाज्मा उपलब्ध गराउनु पर्दछ ।

(ड) शिविरहरुमा अपाङ्गता भएका व्यक्तिहरुको पहुंच हुने शौचालय अनिवार्य रुपमा निर्माण गर्नुपर्दछ ।

(ढ) प्रतिकार्य अवधिलाई विपद्को असर हेरी सामान्यतया २४ घण्टा, ४८ घण्टा, एक हप्ता, एक महिना र त्यस भन्दा वढी समयमा विभाजन गर्नुपर्दछ ।

(ण) खोजी, उद्धार तथा राहत कार्य र मानवीय सहयोगका सम्बन्धमा भएका कामहरु अपाङ्गता भएका व्यक्ति परिलक्षित भयो कि भएन भनेर स्थानीय तहले आवश्यकतानुसार अनुगमन तथा मूल्याङ्कन गर्नु पर्दछ ।

## विपद् प्रतिकार्यका बेलामा बिशेष ध्यान दिनुपर्ने कुराहरु

१. विपद्ग्रस्त अवस्थामा विपद्को चपेटामा परेका मानिसहरुको सकेसम्म चाँडो खोजी गर्ने, उद्धार गर्ने तथा स्थानान्तरणको व्यवस्था गर्नु नै खोजी, उद्धार, राहत तथा स्थानान्तरणको प्रमुख उद्देश्य हो । त्यसो गर्दा सर्वप्रथम भग्नावशेष वा अप्ठ्यारोमा फंसेकालाई झिक्ने, घाईतेको प्राथमिक उपचार गर्ने, गम्भिर घाईतेलाई यथासक्य चाँडो अस्पताल पुऱ्याउने र मृतकको शव व्यवस्थापन गर्ने कुराहरु महत्वपूर्ण हुन्छन् ।

२. खोजी, उद्धार तथा राहत कार्य गर्दा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एच.आई.भी/एड्स तथा महिला घरमूली जस्ता वहुविषयगत विषयहरुलाई यथोचित ध्यान दिनुपर्दछ ।

### *५.१ अपाङ्गता भएका व्यक्तिहरुको खोजी, उद्धार तथा स्थानान्तरण*

अपाङ्गता भएका व्यक्तिहरु जसले आँफै दैनिक कार्यहरु सम्पादन गर्न सक्दैनन् त्यस्तो व्यक्तिहरु, बौद्धिक अपाङ्गता, अटिज्म अपाङ्गता, श्रवणदृष्टिविहिन अपाङ्गता, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको खोजी, उद्धार तथा स्थानान्तरण सम्बन्धी कुराहरुलाई प्राथमिकतामा राख्नु पर्दछ। खोजी, उद्धार तथा स्थानान्तरणको बेलामा अपाङ्गता भएका व्यक्तिहरुको सहायक सामग्री र अन्य आवश्यकतालाई पनि ख्याल गर्नुपर्दछ। किनभने उनीहरुलाई सामान्य व्यक्तिलाई भन्दा बिशेष ध्यान दिईनु पर्दछ जसको लागि विपद् पूर्व नै तत्सम्बन्धी योजना बनाईएको हुनुपर्दछ । विपद्को घटना पश्चात तत्काल खोजी, उद्धार तथा स्थानान्तरणको प्रमुख उद्देश्य भनेको घटना तथा दुर्घटनामा परेका मानिसहरु घाईते वा सद्दे जे जस्तो हालतमा छन् सकेसम्म चाँडो उनीहरुको उद्धार गर्नु हो ।

### *५.२ अपाङ्गता भएका व्यक्तिहरुको खोजी, उद्धार तथा स्थानान्तरण विधि*

अपाङ्गता भएका व्यक्तिहरु जसलाई आफैं दैनिक कार्यहरु सम्पादन गर्न कठिनाई हुन्छ त्यस्तो व्यक्तिहरु, बौद्धिक अपाङ्गता, अटिज्म अपाङ्गता, श्रवणदृष्टिविहिन अपाङ्गता, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई विपद्को बेलामा अग्राधिकार दिई देहाय बमोजिम सुरक्षित तवरले खोजी तथा उद्धार गर्नुपर्दछ :

- अपाङ्गता भएको व्यक्तिको आफ्नै प्रयासले,
- सामान्य मद्दत गरेर, र
- पुरा मद्दत गरेर ।

### *५.३ अपाङ्गता भएका व्यक्तिहरुलाई खोजी, उद्धार तथा स्थानान्तरण गर्दा ध्यान दिनु पर्ने कुराहरु*

१. संकटकालिन अवस्थामा खोजी, उद्धार तथा स्थानान्तरण गर्दा विभिन्न कारणवश अपाङ्गता भएका व्यक्तिहरु बिर्सिईएका वा वेवास्ता गरिएका हुन्छन् जसले गर्दा उनीहरु थप घाईते हुने,

फंस्ने, अड्किने खतरा पैदा हुन्छ । त्यसैले उनीहरुको अवस्थितिको विशेष ख्याल गर्नुपर्दछ अर्थात को, के र कहाँ कस्तो अवस्थामा छ राम्ररी बुझ्नुपर्दछ । त्यसको लागि उपलव्ध नामावली वा चेक लिष्ट प्रयोग गर्नुपर्दछ ।

२. संकटको बेलामा अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकता दिनुपर्दछ । किनभने उनीहरुको शारीरिक  कार्यगत सिमितताको कारणले गर्दा उनीहरुको जोखिमको अवस्था अन्यको भन्दा गम्भिर हुनजान्छ ।

३. संकटको बेलामा  प्राय:जसो अपाङ्गता भएका व्यक्तिहरुलाई आफ्नो हेरचाह गर्ने व्यक्ति वा पारिवारिक सदस्यको मद्दत आवश्यक हुन्छ । तर हेरचाह गर्ने व्यक्ति, सांकेतिक भाषा दोभाषे वा पारिवारिक सदस्य हराएको, घाईते भएको वा मरेको पनि हुनसक्ने हुँदा अपाङ्गता भएका व्यक्तिहरुले आफूलाई असहाय महशूस गर्दछन । त्यसैले त्यस्तो महशूस हुननदिन उनीहरुलाई हौसला, सहारा, सान्त्वना र ढाढस दिनुपर्दछ ।

४. पूर्व तयारीको बेला देखिनै अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुको हेरचाह गर्ने व्यक्ति वा पारिवारिक सदस्यको पहिले नै पहिचान गर्नुपर्दछ ।

५. अपाङ्गता भएका व्यक्तिहरु गम्भिर घाईते नभएको अवस्थामा वा उनीहरुको ज्यान जोखिममा नभएमा अस्पताल लग्न आवश्यक हुँदैन । तर हौसला, सहारा, सान्त्वना र ढाढस दिनुपर्दछ ।

६. खोज तथा उद्धारको बेलामा अपाङ्गता भएका व्यक्तिलाई के चिज वा बस्तुको आवश्यकता छ भन्ने बारेमा सोधेर तदनुरुप तत्काल सहायता दिनुपर्दछ ।

७. खोज तथा उद्धारको कार्यमा अपाङ्गता सम्बन्धी सामान्य जानकारी वा ज्ञान नभएको व्यक्तिलाई खोज तथा उद्धार कार्यमा संलग्न गराउनु हुँदैन । उद्धारको कार्यमा संलग्न हुने व्यक्तिलाई पहिले नै प्रशिक्षण दिनु पर्ने हुन्छ ।

# परिच्छेद ६

### *६.१ विपद् पुनर्लाभमा अपाङ्गता मैत्री बसोबास*

विपद् पुनर्लाभको बेलामा अपाङ्गता भएका व्यक्तिहरुको लागि देहाय बमोजिमको अपाङ्गतामैत्री बसोबासको व्यवस्था मिलाउनु पर्दछ । विपद्को बेलामा विपत्तीमा परी घाइते वा विस्थापित भएका हरेक व्यक्तिहरुलाई विना भेदभाव समतामूलक ढंगले सुरक्षित आश्रय अर्थात बसोबासको प्रबन्ध गर्नु नै उपयुक्त बसोबासको व्यवस्था हो जस अन्तरगत कमसेकम स्वच्छ पिउने पानी, खाना पकाउनको लागि ग्यास वा ईन्धन, शौचालय, नुहाउन तथा धुनको लागि पानी र संकटकालिन सेवा उपलब्ध गराउनु पर्ने हुन्छ । कोठामा प्रकाश छिर्ने, हावा आवतजावत गर्ने, कोठा तथा शौचालयमा भित्रबाट चुकुल लगाउन मिल्ने व्यवस्था हुनुपर्छ । माथि बिभिन्न परिच्छेदहरुमा उल्लेख भएअनुसार अपाङ्गता भएका व्यक्तिहरु मध्येमा पनि खासगरी आफैं दैनिक कार्यहरु सम्पादन गर्न कठिनाई हुने व्यक्तिहरु, बौद्धिक अपाङ्गता, अटिज्म अपाङ्गता, श्रवणदृष्टिविहिन अपाङ्गता, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु, महिला, युवती र बालिकाहरुलाई अतिरिक्त ध्यान पुर्‍याउनु पर्ने हुन्छ। उनीहरुलाई सहज, सरल, सुरक्षित एवं गौरव बोध हुने किसिमले राखिनु पर्दछ ।

### *६.२ अपाङ्गता भएका व्यक्तिहरुलाई आश्रय अर्थात बसोबासको सहज उपयोग तथा उपभोग गर्नका लागि देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्दछ*

अपाङ्गता भएका व्यक्तिहरुले अन्य व्यक्तिले जस्तो सहजै व्यक्तिगत आधारभूत आवश्यकताका सेवा साधनहरुको उपभोग तथा उपयोग गर्न नसक्ने हुनसक्छन । त्यसैले अपाङ्गता भएका व्यक्तिहरुको सुबिधाको लागि बिशेष वा फरक किसिमको निर्माण वा व्यवस्था गर्नुपर्ने हुन्छ । अझ अपाङ्गता भएका महिला, युवती र बालबालिकाहरुलाई विशेष व्यवस्था गर्नुपर्ने हुनसक्छ । तसर्थ उनीहरुलाई ती सेवा साधनहरु उपलव्ध गराउँदा उत्पन्न हुने वा हुनसक्ने वाधा अडचनहरु हटाउन वा पार गर्न अपाङ्गता भएका व्यक्तिहरुको हक हितमा काम गर्ने संस्था, अपाङ्गता भएका व्यक्तिहरुका अभिभावक, संरक्षक, हेर बिचार गर्ने परिवारीक सदस्य वा अन्य व्यक्ति र यस क्षेत्रमा काम गर्ने स्वयंसेवकहरुलाई शिविर व्यवस्थापनको काममा संलग्न गराईएमा अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता, हक, हित, सुरक्षा र आत्मसम्मानको प्रत्याभूत गर्न सकिन्छ ।

### *६.३ विपद्को बेलामा विपत्तीमा परी घाईते वा विस्थापित भएका अपाङ्गता भएका व्यक्तिहरुलाई निम्नानुसार बसोबासको व्यवस्था मिलाउनु पर्दछ*

अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गतामैत्री तथा समावेशी शिविर वा बसोबासको व्यवस्था मिलाउन केहि थप समय, साधन, श्रोत र सोचको आवश्यकता पर्दछ । त्यसो गर्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई मात्र नभई जोखिममा परेका अन्य व्यक्तिहरुलाई समेत फाइदाजनक हुन्छ । अपाङ्गता मैत्री तथा समावेशी शिविर वा बसोबासको व्यवस्था कसरी गर्ने भन्ने बिषयमा अपाङ्गता भएका व्यक्तिहरु स्वयं, अपाङ्गता भएका व्यक्तिहरुका संस्था (DPOs), अपाङ्गता भएका व्यक्तिहरुको अभिभावक वा संरक्षक वा हेर बिचार गर्ने परिवारीक सदस्य वा अन्य व्यक्ति र यस क्षेत्रमा काम गर्ने स्वयंसेवकहरुलाई बढी जानकारी हुनसक्दछ । तसर्थ विपद् पूर्वतयारीको चरणमा नै उनीहरुलाई पनि समावेश गरिएमा विपद्रत अवस्थामा पनि उनीहरुसंग परामर्श गर्न सकिन्छ र कतिपय अवस्थामा

उनीहरुलाई संकटकालिन शिविर निर्माणमा पनि संलग्न गर्न सकिन्छ। संकटकालिन शिविरमा आवत जावत तथा सम्पर्क गर्न सुरक्षित र सहज पहुँच भएको हुनुपर्दछ। साथै सेवा तथा बस्तुहरुको वितरण समतामूलक हुनुपर्दछ । अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता मैत्री तथा समावेशी शिविर वा बसोबासको व्यवस्था मिलाउँदा खासगरी आफैं दैनिक कार्यहरु सम्पादन गर्न कठिनाई हुने व्यक्तिहरु, बौद्धिक अपाङ्गता, अटिज्म अपाङ्गता, श्रवणदृष्टिविहिन अपाङ्गता, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु, अपाङ्गता भएका महिला, युवती र बालिकाहरुलाई बिशेष ध्यान दिन जरुरी हुन्छ ।

# परिच्छेद ७
# विविध

*७.१ अनुगमन र मूल्याङ्कन*

यो निर्देशिकालाई व्यवहारमा लागु गर्दा कुनै समस्या उत्पन्न भएमा वा  कार्यान्वयनका सम्बन्धमा केही जटिलता वा असहजता उत्पन्न भएमा वा व्यवहारोपयोगी नदेखिएमा त्यस्ता असहजता वा व्यवहारिक समस्याहरु समाधान गरिने छ । यो निर्देशिका र अन्य श्रोत सामग्रीहरु समेतको उपयोग गर्दै उनीहरुको थप अधिकार, शिक्षा, सीप विकास तथा रोजगारी, स्वास्थ्य, जीवन रक्षा, पुन:र्स्थापना, सामाजिक सुरक्षा तथा मनोरन्जन, सहुलियत, सुविधा सम्बन्धी कार्यहरूलाई प्रभावकारी ढंगले अगाडि बढाउन, यसका उद्देश्यहरू हासिल गर्ने कार्यमा भएका प्रगतिको मापन गर्न र यसको प्रभावकारिताका बारेमा जानकारी हासिल गर्न यसको कार्यान्वयनको समय समयमा अनुगमन, प्रभाव मूल्याङ्कन तथा अध्ययन गरिनेछ । यसका लागि आवश्यक पर्ने सूचकहरू सम्बन्धित साझेदारको संलग्नतामा तयार पारिनेछ ।

*७.२ पुनरावलोकन तथा संशोधन*

यो निर्देशिका सजीव दस्तावेजको रुपमा रहनेछ । आवश्यकता अनुसार आवधिक रूपमा पुनरावलोकनका साथै संशोधन गरिनेछ ।

*७.३ आवधिकरण*

यो निर्देशिकामा उल्लेख गरिएका विषय वस्तुहरुको पालना गर्न गराउन अभिमुखिकरण, परिचयात्मक वा प्रारम्भिक तालिममा सहभागि गराउने व्यवस्था मिलाउनेछ । यो निर्देशिका सम्वन्धी सामान्य जानकारी दिनुको मूल उद्देश्य देहाय बमोजिम रहेका छन जुन देहायमा उल्लेखित आवधिकरणको माध्यमबाट दिइनेछ :

१) विपद् पूर्वको अवस्थामा, विपद्रत अवस्थामा र विपद्पश्चात् गरिने खोजी, उद्धार, स्थानान्तरण तथा बसोबास, पुन:र्स्थापन, पुन:निर्माण लगायतका कार्यमा आफ्नो र अरु व्यक्तिहरुको समेत सुरक्षाका लागि विश्वव्यापी मापदण्ड र जनसाङ्खिक गतिशिलताको दृष्टिकोणले  अवलम्बन गर्नुपर्ने विधि तथा प्रकृयाका विषयमा जानकारी गराउने ।

२) प्रस्तुत निर्देशिका उपलव्ध गराउने ।

३) प्रस्तुत निर्देशिका र अन्य दस्तावेज, आचार संहिता र सुरक्षा सम्बन्धी अन्य नीति नियमहरुको पालनामा प्रतिबद्ध गराउने ।

४) यो निर्देशिका कार्यान्वयनमा ककसको केकस्तो भूमिका हुने भन्ने विषयमा जानकारी दिने ।

५) व्यक्तिगत सुरक्षाको महत्व सम्बन्धी जानकारी गराउने ।

Ω Ω Ω

## सन्दर्भ सामग्रीहरु


1. The Universal Declaration of Human Rights (UDHR) (1948 A.D.), United Nations.
2. The Convention on the Rights of Persons with Disabilities (CRPD) and its Optional Protocol (OP) (2006 A.D.), United Nations.
3. The Constitution of Nepal, 2015 A.D., Government of Nepal.
4. GNDR. 2016 A.D. National Advocacy Toolkit: A guide for civil society organisations working together to advocate resilience issues at the country level. Global Network of Civil Society Organisations for Disaster Reduction (GNDR). London, UK.
5. United Nations, International Covenant on Economic, Cultural and Social Rights (ICECSR), (1966 A.D.). Available http://www.ohchr.org/EN/ProfessionalInterest/ Pages/CESCR.aspx.
6. United Nations. Report on Panel Discussion on Disaster Resilience and Disability: ensuring equality and inclusion. (2013 A.D.). United Nations Headquarters, October 10, 2013 A.D. http://www.un.org/disabilities/documents/reports/iddr2013_%20panelreport.pdf.
7. United Nations, International Covenant on Civil and Political Rights (ICCPR), (1966 A.D.) http://www.ohchr.org/EN/ProfessionalInterest/Pages/ccpr.aspx.
8. United Nations. Sustainable Development Goals (SDGs 2015-2030 A.D.)
9. World Health Organisation/ World Bank, World Report on Disability. (2011 A.D.) Geneva: WHO Available http://www.who.int/disabilities/world_report/2011/ report.pdf.
10. Rehabilitation 2030 A.D.: A Call for Action February 6-7 2017 Executive Boardroom, WHO Headquarters
11. Community-Based Rehabilitation: CBR guidelines (2010 A.D.), WHO, Geneva. CBM Disability-Inclusive Development Toolkit, January 2017. cbm.org/fileadmin/user_upload/Publications/CBM-DID-TOOLKIT-accessible.pdf World Report on Disability, 2011, WHO.
12. Nepal Fact Sheet, Physical Rehabilitation Activity.
13. Rehabilitation 2030 A.D.: A Call for Action, WHO.
14. National Guidelines for Disability Inclusive Health Services, 2019 A.D.

१७. नेपालको संबिधान वि.सं.२०७२, नेपाल सरकार ।

१८. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन वि.सं.२०७४, नेपाल सरकार ।

१९. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली वि.सं.२०७७, नेपाल सरकार ।

२०. आवासको अधिकार सम्बन्धी ऐन वि.सं.२०७५, नेपाल सरकार ।

२१. सामाजिक सुरक्षा ऐन वि.सं.२०७५, नेपाल सरकार ।

२२. राष्ट्रिय मानव अधिकार आयोग ऐन वि.सं.२०५३, नेपाल सरकार ।
२३. अपाङ्गता भएका व्यक्तिकालागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, वि.सं.२०६९, नेपाल सरकार ।
२४. अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना वि.सं.२०६३, नेपाल सरकार ।
२५. सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासिय पुनस्स्थापना सेवा सञ्चालन बिधि वि.सं.२०७२, नेपाल सरकार ।
२६. पुनस्स्थापना केन्द्र संचालन निर्देशिका वि.सं.२०६८, नेपाल सरकार ।
२७. अपाङ्गता व्यवस्थापन ( रोकथाम, उपचार तथा पुर्नस्थापना) नीति, रणनीति तथा १० बर्षे कार्ययोजना (वि.सं.२०७३-२०८२)
२८. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार आधारभूत जानकारी पुस्तिका वि.सं.२०६५
२९. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्न तयार पारिएको बिस्तृत मार्ग चित्र वि.सं.२०६६
३०. अपाङ्गता समावेशी विपद् जोखिम व्यवस्थापन कार्यढाँचा वि.सं.२०७५, नेपाल अपाङ्ग महिला संघ
३१. अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनस्स्थापना कार्यक्रमको लेखाजोखा प्रतिवेदन वि.सं.२०७२, महिला तथा बालबालिका विभाग, ललितपुरका लागि अनुसन्धानकर्ता द्वय श्री राजु थापा र श्री श्वेता अधिकारी द्वारा प्रेषित ।
३२. जन स्वास्थ्य सेवा ऐन वि.सं.२०७५, नेपाल सरकार ।
३३. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, वि.सं.२०७७, नेपाल सरकार ।
३४. राष्ट्रिय स्वास्थ्य नीति, सन् २०१४, नेपाल सरकार ।
३५. अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्य योजनाको सन् २०१६ - २०२६ (स्वास्थ्य खण्ड), नेपाल सरकार ।
३६. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना १० बर्षे राष्ट्रिय रणनीति तथा कार्य योजना वि.सं.२०७३-२०८२, नेपाल सरकार ।